*Reg. No. 681* *SWC Aff. No. 15556*

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क,नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

## प्रेस विज्ञप्ति

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मुलुकमा दलित अधिकारका लागि चलेका विभिन्न आन्दोलनहरुमध्ये धेरै लक्ष्यहरु भएको एउटै लक्ष्य, धेरै योजनाहरु भएको एउटै योजना, धेरै नीति तथा कार्यक्रमहरु भएको एउटै नीति तथा कार्यक्रम, धेरै संगठनात्मक स्वरुपहरुको एउटै संगठन, धेरै अवधारणाहरुको एउटै अवधारणा र साझा भावनाका साथ नयाँ एकीकृत आन्दोलनका रुपमा स्थापीत नेतृत्वदायी मानवअधिकारमुखी पद्धतिमा विश्वास राख्ने दलित एक्टिभिष्टमा आधारित जनसंगठन हो । बृहत सामाजिक आन्दोलन उठान गर्ने र दलितहरुका राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक समस्याहरुको एकीकृत रुपमा समाधान गर्न दवाव दिने उद्देश्यले २०५७ मा यसको स्थापना भएको हो । स्थापनाका केही वर्ष लुज नेटवर्कका रुपमा कार्यरत रहँदै २०६० सालमा औपचारिक रुपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भई त्यही साल समाज कल्याण परिषदमा आवद्ध भयो । RDN नेपाल हाल देशका ७५ वटै जिल्लामा दलित एक्टिभिष्ट प्रतिनीधिकासाथ कार्यरत रहेको छ । राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालले हरेक वर्ष आफ्नो स्थापना दिवसको अवसरमा दलित अधिकार सप्ताह मनाउँदै आएको छ ।

**दलित अधिकार सप्ताह (Dalit Rights Week)**

| क्र.स. | मिति | क्रियाकलाप | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | २०७३ श्रावण ३२ गते | दलित अधिकार सप्ताहको घोषणा | धनगढीबाट | हुकुम सार्की |
| २ | २०७३ भाद्र ०१ गते | दलित मानवअधिकारमा सामुहिक आवाज प्रबर्द्धनका लागि मानवअधिकार रक्षकसंग छलफल | गोदावरी | टेक बि.के. |
| ३ | २०७३ भाद्र ०२ गते | सामाजिक जवाफदेहिता प्रबर्द्धनका लागि गाविस स्तरिय छलफल | चैमाला | सर्मिला बागचन्द |
| ४ | २०७३ भाद्र ०३ गते | दलित मानवअधिकारका सवालबारे गाविस स्तरीय अन्तरक्रिया | मसुरिया | टेक बि.के. |
| ५ | २०७३ भाद्र ०४ गते | काभ्रेका अजित मिजारको हत्यारालाई कार्वाहीको माग गर्दै कैलालीको जिप्रका मार्फत प्रमलाई ज्ञापन पत्र । | धनगढी | टेक वि.के |
| ६ | २०७३ भाद्र ०५ गते | RDN नेपालका प्रथम सहिद स्व. मंगल विकेको स्मृतिमा सेती अंचल अस्पतालका विरामीलाई फलफूल वितरण । | धनगढी | भरत आग्री |
| ७ | २०७३ भाद्र ०६ गते | RDN नेपालको स्थापना दिवसको अवसरमा नयाँ संविधानमा दलित अधिकार बिषयक अन्तरक्रिया । | धनगढी | सर्मिला बागचन्द र गणेश बि.के. |
| ८. | २०७३ भाद्र ०७ गते | जयपृथ्वीबहादुर सिंहको फोटोमा माल्यार्पण | धनगढी काठमाडौं | भरत आग्री तथा श्याम सुनार |

**गणेश बि. के.**
**अध्यक्ष**

**मिति : २०७३ श्रावण ३२ गते ।**